


Research Management Cell
Adarsha Multiple Campus

AMC Journal
Link : https://doi.org/10.3126/amcj.v4i1.63864

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# संसारका भाषाको पारिवारिक वर्गीकरण र विशेषता

**डा. केशव भुसाल***

**सार**

*प्रस्तुत लेख संसारमा बोलिने भाषाहरूको पारिवारिक वर्गीकरण र तिनका विशेषता अध्ययनमा आधारित रहेको छ । यस लेखमा संसारमा बोलिने भाषाका विभिन्न पक्षहरूको सूक्ष्म समीक्षण गरिएको छ । संसारमा बोलिने भाषाहरूको अध्ययन गर्नु, भाषाको पारिवारिक वर्गीकरणका आधारहरू निर्धारण गर्नु, संसारमा बोलिने भाषाको पारिवारिक वर्गीकरण उल्लेख गर्नु र तिनमा निहित विशेषताहरू प्रस्तुत गर्नु यस लेखका मूलभूत उद्देश्य रहेका छन् । प्रस्तुत लेखमा मूलतः गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । यस क्रममा पुस्तकालयीय कार्यका माध्यमबाट सोद्देश्यमूलक तरिकाले सामग्रीहरूको सङ्कलन गरिएको छ । प्रस्तुत लेख तयारीका क्रममा भाषाको पारिवारिक वर्गीकरण र यससम्बद्ध विविध पक्षको चर्चा गरिएका अङ्ग्रेजी, नेपाली सैद्धान्तिक पाठ्यपुस्तकहरूलाई अध्ययनीय सामग्रीका रूपमा लिइएको छ र तिनको अध्ययनबाट प्राप्त तथ्यहरूको अध्ययन विश्लेषण गरिएको छ । जसका आधारमा संसारमा हजारौं भाषाहरू बोलिंने गरेको, भाषाको पारिवारिक वर्गीकरणका निश्चित आधार रहेको, संसारमा बोलिने भाषाहरूलाई दस परिवारमा वर्गीकरण गर्ने गरिएको र संसारका भाषाहरूमा आआफ्नै मौलिक विशेषता रहेको लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत लेखले संसारमा बोलिने भाषा, भाषाको परिवार एवम् पारिवारिक वर्गीकरणका क्षेत्रमा कार्यरत वा कार्य गर्न इच्छुक शिक्षक, विद्यार्थी, शोधार्थी, लेखक तथा विषय विशेषज्ञलाई आवश्यक कुराहरू अधिगत गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।*

***मुख्य शब्दावली*** : पारिवारिक वर्गीकरण, पारिवारिक वर्गीकरणका आधार, भाषा, भाषा परिवार, भाषाका विशेषता ।

* डा. केशव भुसाल शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुरमा नेपाली शिक्षाका उपप्राध्यापक हुनुहुन्छ । इमेल : keshabbhusal.tu@gmail.com

## पृष्ठभूमि

भाषा मानवीय सञ्चारको प्रणाली हो । "मानिस मूलतः भाषिक सञ्चार गर्दछ" (यादव र रेग्मी, २०५९, पृ. १५) । यसका माध्यमबाट मानवीय विचार वा भावनाहरूको साटासाट गरिन्छ । "जीवनमा भाषाको प्रमुख स्थान र व्यापक प्रभाव रहेको हुन्छ" (गुप्त र भाटनगर, सन् १९७४, पृ. १) । मानव भाषा कथ्य, लेख्यका अतिरिक्त साङ्केतिक स्वरूपमा पनि व्यवहृत भएको पाइन्छ । कथ्य भाषाका सन्दर्भमा विचार विनिमयार्थ वक्ता-श्रोता र लेख्य भाषाका सन्दर्भमा लेखक-पाठकको अपेक्षा गरिन्छ भने साङ्केतिक भाषाका सन्दर्भमा साङ्केतिक तौरतरिकाको अवलम्बन गरिन्छ । संसारमा अनेकौं भाषाहरू बोलिन्छन् । "संसारमा अहिलेसम्म कति भाषा बोलिन्छन् भन्ने बारेमा प्राप्त मतहरूमा एकरूपता रहेको भेटिदैन" (न्यौपाने र अन्य, २०६७, पृ. ३४१) । भाषाशास्त्रीहरूले समय-समयमा विभिन्न भाषाको अध्ययन-अनुसन्धान गरेका छन् तथापि संसारमा यति नै भाषा छन् भनेर किटान गर्न सकेका छैनन् । सुरुसुरुमा अर्थात् सन् १९३९ तिर संसारमा बोलिने भाषाको सङ्ख्या अन्दाजी २५०० देखि ३००० सम्म रहेको धारणा सार्वजनिक भएको थियो यद्यपि त्यसमा एक मत थिएन । पछि अर्थात् सन् १९९४ तिर संसारमा २७९६ भाषा रहेको अड्कल गरिएको थियो । त्यस्तै सन् २००० मा भाषावैज्ञानिक डेभिड क्रिस्टलले विश्वमा ६००० भाषाहरू रहेको अनुमान गरेका थिए भने हाल संसारमा बोलिने भाषाको सङ्ख्या ७००० नाघिसकेको तथ्य विद्वान्हरूले अघि सारेका छन् । इथ्नोलग ल्याङ्ग्वेज अफ द वर्ल्ड (सन् २०२३) का अनुसार सम्प्रति संसारमा बोलिने भाषाहरूको सङ्ख्या ७१६८ पुगेको छ । यस प्रकाशनद्वारा सन् २०२३ मा छब्बिसौं संस्करणका रूपमा प्रकाशित भाषासूचीमा प्रस्तुत तथ्य उल्लेख गरिएको छ । कुनै एक व्यक्ति सबै भाषाको विज्ञ नहुने, द्विभाषिकताको कारणले अल्पसङ्ख्यकको भाषा लोप हुँदै जाने तथा भाषाशास्त्रीहरूले नयाँ-नयाँ भाषा पत्ता लगाउने भएकाले संसारका भाषाको सङ्ख्या घटबढ भइरहन्छ । त्यसैले संसारका भाषाको निश्चित सङ्ख्या पाउन कठिन रहेको छ । पन्त (२०३६) का अनुसार "संसारभरका भाषाहरू भिन्नभिन्न भए तापनि कुनै अंशमा यी भाषाहरूमा समता वा एकता देखिन्छ । यही समताका आधारमा संसारभरका भाषाहरूको वर्गीकरण गर्न सकिन्छ" (पृ. ४०) । प्रस्तुत अध्ययनमा संसारमा बोलिने भाषा, तिनको पारिवारिक वर्गीकरण र विशेषताहरूको सूक्ष्म अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस लेखमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत लेख तयारीका क्रममा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । प्रस्तुत लेखमा भाषा परिवार र भाषाको पारिवारिक वर्गीकरणससम्बन्धी सैद्धान्तिक चर्चा गरिएका अङ्ग्रेजी-नेपाली सैद्धान्तिक सामग्रीहरूलाई मुख्य अध्ययनीय सामग्रीका रूपमा उपयोग गरिएको छ भने भाषाको पारिवारिक वर्गीकरणका बारेमा बारेमा चर्चा एवम् अध्ययन गरिएका लेखहरू, शोधकार्यहरू र इन्टरनेटबाट प्राप्त सामग्रीहरूलाई अतिरिक्त अध्ययनीय सामग्रीका रूपमा प्रयोग गरिएको छ । यस लेखमा सङ्कलित सामग्रीहरूको

अध्ययनबाट प्राप्त तथ्यहरूलाई सूक्ष्म रूपमा अध्ययन, विश्लेषण गरी विभिन्न शीर्षकमा प्रस्तुत गरिएको छ ।

## प्राप्ति र छलफल

संसारका भाषाको पारिवारिक वर्गीकरणमा आधारित प्रस्तुत अध्ययनमा यससम्बद्ध विभिन्न विषयवस्तुलाई निम्नानुसारका उपशीर्षकहरूमा विभक्त गरी व्याख्या विश्लेषण गरिएको छ :

### भाषाको पारिवारिक वर्गीकरणको परिचय

संसारमा बोलिने सहस्रौं भाषाहरूलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ। भाषाको सङ्ख्या निश्चित नभएझैं भाषिक वर्गीकरणको आधार र सङ्ख्या पनि अनिश्चित नै छ। "चार कोस पर पानी र आठ कोस पर बानी बदलिन्छ" भन्ने लोकोक्ति जस्तै भूगोलपिच्छे फरक-फरक भाषाको प्रयोग-व्यवहार हुन्छ। सत्रौं शताब्दीमा युरोपेली विद्वान्हरूलाई संस्कृत भाषाको ज्ञान भएपछि उनीहरूले संस्कृत, ग्रीक र ल्याटिन भाषाको तुलनात्मक अध्ययन गरेसँगै भाषाको वर्गीकरण गर्ने कार्य प्रारम्भ भएको मानिन्छ। तिवारी (सन् २०१६) का अनुसार "संसारका भाषाहरूलाई महादेश, देश, धर्म, काल, संरचना, परिवार र प्रभावका आधारमा वर्गीकरण गर्न सकिन्छ" (पृ. ९३) र संसारका भाषा वर्गीकरण गर्ने यी आधारहरूमध्ये पनि परिवार, भूगोल र आकृतिमूलकतालाई महत्तम आधारका रूपमा लिइन्छ। यस दृष्टिले भाषाको पारिवारिक वर्गीकरणलाई संसारका भाषा वर्गीकरणको मुख्य आधार मान्न सकिन्छ

रचनातत्त्व र अर्थतत्त्वका आधारमा गरिने भाषाको वर्गीकरणलाई पारिवारिक वर्गीकरण भनिन्छ। अर्को शब्दमा "भाषाको पारिवारिक वर्गीकरणको अर्थ हो 'विश्वका भाषाको परिवारमा वर्गीकरण गर्नु' (तिवारी, २०१६, पृ. १०५)। यसलाई वंशगत वा आनुवंशिक वर्गीकरण पनि भन्ने गरिन्छ। जसरी एउटै पूर्खाबाट उत्पन्न सबै सन्ततिलाई एउटै गोत्रको मानिन्छ त्यसरी नै एउटै भाषाबाट कालान्तरमा उत्पन्न अनेकौं भाषाहरूलाई पनि सगोत्रीय भाषा मानिन्छ। सिजापती (२०५०) का दृष्टिमा "जसरी परिवारमा अथवा भनौं वंशमा एउटा आदिपुरुष हुन्छ र त्यसबाट वंश स्थापनार्थ अनेकौं हाँगाबिंगा निक्लन्छन्, त्यस्तै गरेर भाषाको पनि पहिले एउटा भाषा थियो र त्यही एउटा भाषाबाट अनेकौं भाषा भए" (पृ.४८)। भाषाको पारिवारिक वर्गीकरणमा यसैअनुरूप विभिन्न भाषाको तुलनात्मक अध्ययन गरिन्छ र समान विशेषतायुक्त भाषालाई एउटा वर्गमा राखी त्यसको परिवार निर्धारण गरिन्छ अर्थात् यसमा पूर्ख्यौली भाषालाई मूल मानी त्यसबाट विकसित सजातीय भाषाहरूलाई समूहीकृत गर्ने प्रक्रिया अवलम्बन गरिन्छ।

### भाषाको पारिवारिक वर्गीकरण

भाषाको पारिवारिक वर्गीकरण गर्ने निश्चित आधारहरू हुन्छन्। वस्तुतः "भाषाको पारिवारिक वर्गीकरण भाषाको उत्पत्ति, विकास, आपसी सम्बन्ध र इतिहासका आधारमा गरिन्छ" (शर्मा र

लुइँटेल, २०६४, पृ. २४०) । मूल भाषा कुन हो, त्यसबाट के-कस्ता भाषाहरू विकसित भएका छन्, मूल र व्युत्पन्न भाषाको उत्पत्ति कहाँ र कहिलेदेखि भएको हो ? लगायतका प्रश्नको उत्तर यस किसिमको वर्गीकरणबाट प्राप्त हुन्छ । यसैका आधारमा भारोपेली भाषाबाट संस्कृत, ग्रिक, ल्याटिन, फारसी, अङ्ग्रेजी, जर्मन लगायतका भाषाहरू विकसित भएका हुन् भन्ने कुरासमेत प्रमाणित भएको छ । तिवारी (पूर्ववत्) का अनुसार भाषाको परिवार निर्धारणका लागि निम्नानुसारका आधारहरूको उपयोग गरिन्छ :

**(क)** **भाषिक समानता** : ध्वनिमा समानता, शब्दमा समानता, रूप रचनामा समानता, वाक्य रचनामा समानता र अर्थमा समानता

**(ख)** **स्थानिक निकटता** ।

तिवारीका अनुसार भाषावैज्ञानिकहरूले उपर्युक्त छ आधारहरूमध्ये कुनैलाई कम र कुनैलाई अधिक महत्त्व दिएका छन् । आन्तरिक र बाह्य परिवर्तनशीलताका कारण ध्वनिमा समयानुसार परिवर्तन आउन सक्छ, भाषामा एकअर्का भाषाबाट शब्दभण्डार आउन सक्छन् अनि ध्वनि परिवर्तनसँगै अर्थमा पनि परिवर्तन हुन सक्छ भन्दै केही भाषावैज्ञानिकहरूले ध्वनि, शब्दभण्डार र अर्थलाई पारिवारिक वर्गीकरणको दृढ आधार मानेको पाइँदैन । उनीहरूका अनुसार पदरचना र वाक्यरचनामा व्याकरणिक अनुशासन कायमै रहेको हुन्छ भने धेरैजसो भाषाहरू भौगोलिक दृष्टिले पनि निकट हुन्छन् अपितु यो (स्थानिक निकटता) अनिवार्य भने हुँदैन ।


भाषाको पारिवारिक वर्गीकरणमा विभिन्न किसिमका समस्याहरू सृजना हुन सक्छन् । प्रामाणिक सामग्रीको कमी, ऐतिहासिक समकालिकताको अभाव, अध्ययनको अपूर्णताजस्ता कारणले गर्दा भाषा परिवारको सङ्ख्यामा एकरूपता पाइँदैन । सायद यसैले होला विभिन्न विद्वान्हरूले एकदेखि सयसम्मका भाषा परिवारको सङ्ख्या उल्लेख गरेका छन् । अधिकारी (२०६५) का अनुसार भाषाशास्त्री रेइसले संसारका सबै भाषालाई एउटै परिवारका भाषा मानेका छन् भने भाषाको पारिवारिक वर्गीकरण गर्ने प्रथम विद्वान् विल्हेम भान हम्बोल्ट (१७६७-१८३५) ले संसारका भाषाहरूलाई १३ परिवारमा वर्गीकरण गरेका छन् । त्यस्तै भाषाशास्त्री ग्रेले संसारका भाषाहरूलाई २६ परिवारमा, भोलानाथ तिवारीले १३ परिवारमा, पार्टरिजले १० परिवारमा र फ्रेडरिक मुलरले १०० परिवारमा वर्गीकरण गरेका छन् । भाषा जहाँसुकै बोलिने भए पनि भाषा नै हो भन्ने आधारमा रेइसले संसारका भाषालाई एउटै परिवारमा राखेका र एउटै परिवारमा अट्न सक्ने भाषालाई पनि टुक्र्याएर फ्रेडरिक मुलरले अधिक परिवार निर्धारण गरेका हुन् भन्ने धारणा विद्वान्हरूमा पाइन्छ ।

यसप्रकार भाषाको पारिवारिक वर्गीकरणमा मतैक्य देखिँदैन तदपि अधिकांश विद्वान्हरूले संसारमा निम्न १० परिवारका भाषा बोलिने कुरामा भने सहमति जनाएका छन् :

अफ्रिकाली भाषा परिवार, अमेरिकाली भाषा परिवार, ककेसियाली भाषा परिवार, जापानी-कोरियाली भाषा परिवार, मलय पोलिनेसियाली भाषा परिवार, युराल-अल्टाइली भाषा परिवार, भारोपेली भाषा परिवार, चिनिया-तिब्बती भाषा परिवार, आग्नेली भाषा परिवार र द्रविड भाषा परिवार ।

**(क) अफ्रिकाली भाषा परिवार**

अफ्रिका महादेशका विभिन्न देशमा बोलिने ६०० भन्दा बढी भाषाहरूको परिवारलाई अफ्रिकाली भाषा परिवार भनिन्छ । अफ्रिकाली भाषा परिवारका केही भाषा पश्चिमी एसियामा पनि बोलिन्छन् । महादेशका आधारमा नामकरण गरिएको यस भाषा परिवारमा पाँच मुख्य उपपरिवार रहेका छन् : सामेली, हामेली, बान्टु, बुस्मन र सुडानेली । न्यौपाने र अन्य (२०६७) का अनुसार "कतिपय विद्वान्हरूले अफ्रिकाली भाषा परिवारको नाम उल्लेख नगरी यस परिवारका भाषालाई सामेली, हामेली, बान्टु, बुस्मन र सुडानेली गरी पाँच परिवारअन्तर्गत चर्चा गरेका छन्" (पृ. ३२३) भने कतिपयले एउटै अफ्रिकाली परिवारभित्र यस परिवारका भाषाको चर्चा गरेका छन् । उपपरिवारमा निहित भाषिक अभिलक्षणका आधारमा हेर्दा यी उपपरिवार अफ्रिकाली भाषा परिवारअन्तर्गत नै समेटिन्छन् ।




**सामेली**

अफ्रिकाली भाषा परिवारअन्तर्गतको यस उपपरिवारको नामकरण इस्लामिक जगत्का पैगम्बर हजरत नुह (दैवी शक्तिप्राप्त व्यक्तित्व) का जेठा छोरा 'सेम' का नामबाट गरिएको हो । यस उपपरिवारका भाषाहरू उत्तरी अफ्रिका र पश्चिमी एसियाका भूभागमा बोलिन्छन् । यसका प्रमुख चार शाखाहरू : असिरियाली, बेबिलियाली, फिनिसियाली र आरामाइकेली रहेका छन् । यी शाखाअन्तर्गत पनि अनेकौं भाषाहरू पर्दछन् । सामेली भाषा मिश्र, इराक, अरब, सिरिया, इथियोपिया, मोरक्को, अलजिरिया आदि ठाउँमा बोलिन्छ । हिब्रु, अरबी, अकादियन, सुमेरियन आदि यसअन्तर्गतका प्रसिद्ध भाषा हुन् । यसको सबभन्दा पुरानो भाषा हिब्रु हो जसमा बाइबलसमेत लेखिएको छ । श्लिष्ट योगात्मकता (अर्थतत्त्व र रचनातत्त्व छुट्याउन नसकिने), त्रिव्यञ्जनात्मक धातु व्यवस्था, शब्दरचनामा मध्ययोग तथा उपसर्ग-प्रत्ययको प्रयोग, त्रिकारकको प्रयोग (कर्ता, कर्म र सम्बन्ध), संज्ञान्तमा सर्वनाम संयोजनद्वारा सम्बन्ध स्थापना, समासशून्यता तथा व्याकरणिक लिङ्ग व्यवस्था (प्राकृतिक होइन) यस उपपरिवारका मुख्य भाषिक विशेषता हुन् ।

**हामेली**

यस उपपरिवारको नामकरण नूहका कान्छा छोरा हेमका नामबाट गरिएको हो । यस उपपरिवारका भाषाहरू मुख्यतया उत्तरी अफ्रिकामा बोलिन्छन् । यसका प्रमुख तीन शाखाहरू- मिश्रेली, लिबियाली

र इथियोपियाली रहेका छन् । यीअन्तर्गत पनि अनैकौं भाषाहरू पर्दछन् । हामेली भाषा लिबिया, सोमालिया, इथियोपियालगायतका भूभागमा बोलिन्छ । प्राचीन मिश्र, क्याप्टिक, सोमाली, गल्ला, नामा, फुला आदि यसका प्रसिद्ध भाषा हुन् । यीमध्ये मिश्र भाषा सबभन्दा पुरानो र समृद्ध भाषा हो । श्लिष्ट योगात्मक भाषिक विशेषतायुक्त यस उपपरिवारका भाषामा सामेलीमा जस्तै बलियो, ठुलो वा वलिष्ठ वस्तु वा प्राणी (हात्ती, भाला, तरवार, चट्टान, ठुला-ठुला रुख आदि) लाई पुलिङ्गवत् र सानो, कमजोर र हल्का वस्तु वा प्राणी (भेडा, बाख्रा, बिराला, हसिया, चक्कु, साना विरुवा, झारपात आदि) लाई स्त्रीलिङ्गवत् व्यवहार गरिन्छ भने पदरचनामा उपसर्ग-प्रत्ययको प्रयोग तथा कालबोधका लागि सहायक क्रियाको उपयोग गरिन्छ । यस किसिमका विशेषता सामेलीसँग मिल्ने भएकाले यस उपपरिवारको महत्त्व हराउँदै गएको र यसअन्तर्गतका भाषा सामेली उपपरिवारमा बिलाएको अनुमान गरिएको छ ।

**बान्टु**

बान्टु अफ्रिकाली भाषा परिवारको अर्को उपपरिवार हो । यस उपपरिवारअन्तर्गत बोलिने भाषाहरूमा मानिसलाई जनाउन बान्टु शब्दको प्रयोग गरिने भएकाले त्यसैका आधारमा यसको नामकरण गरिएको हो । यस उपपरिवारका भाषाहरूको मुख्य क्षेत्र दक्षिण अफ्रिका हो । यसबाहेक मध्य अफ्रिका र जान्जिबार द्विपसम्म पनि यस उपपरिवारका भाषाहरू बोलिन्छन् । यसअन्तर्गतका भाषाहरूलाई पूर्वी वर्ग, मध्य वर्ग  र पश्चिमी वर्गमा बाँडिएको पाइन्छ । पूर्वी वर्गमा स्वाहिली, काफिर, जुलु, किसु, किकोंव, मध्य वर्गमा सेचुना, सेरोलाङ्ग, लेकेजा र पश्चिमी वर्गमा हेरेरो, बुन्दा, काङ्गो, इसुबुलगायतका भाषाहरू पर्दछन् । यस उपपरिवारको प्रसिद्ध भाषा 'स्वाहिली' हो । यसमा मात्र साहित्यको रचना भएको पाइन्छ । यस उपपरिवारका भाषाहरूमा अश्लिष्ट योगात्मकता (अर्थतत्त्व र रचनातत्त्व छुट्याउन सकिने), अन्तःस्फोटात्मकता (क्लिक ध्वनिको प्रयोग हुने), स्वरभेदगत अर्थता (स्वरअनुसार एउटै शब्दको पनि अर्थ परिवर्तन हुने, सुस्त बोल्दा एउटा अर्थ र जोडले बोल्दा अर्को अर्थ लाग्ने), लैङ्गिक व्यवस्थाहीनता, पदरचनामा मूलतः उपसर्ग र अंशत प्रत्ययको प्रयोगलगायतका विशेषताहरू पाइन्छन् ।

**बुस्मन**

दक्षिण-पश्चिम अफ्रिकाका आदिबासीहरूलाई बुस्मन भनिन्छ । यस उपपरिवारअन्तर्गतका भाषाहरू त्यसै क्षेत्रका मानिसहरूले बोल्ने भएकाले यसको नाम बुस्मन रहन गएको मानिन्छ । यस उपपरिवारका भाषाहरूको मुख्य क्षेत्र दक्षिण-पश्चिम अफ्रिका (अरेन्ज नदीदेखि नगामी झिल वा तालसम्म) नै हो । यस उपपरिवारमा पिग्मी, होटेन्टोट र बुस्मन गरी तीन शाखाहरू रहेका छन् । होटेन्टोट, नामा, हमरा, सन्दवा, ऐकवे, औकवे, हातें तोत आदि यसअन्तर्गतका प्रमुख भाषाहरू हुन् । अफ्रिकाली भाषा परिवारमा यस उपपरिवारका भाषाहरूलाई प्राचीन र जङ्गली भाषा भनिएको पाइन्छ । यसअन्तर्गतका भाषाहरूमा साहित्यको रचना भएको पाइँदैन । अन्तः स्फोटात्मकता (क्लिक ध्वनिहरू पाइने), श्रुतिमधुरता, प्राणीत्व र अप्राणीत्वका आधारमा लैङ्गिक व्यवस्था, वचन

परिवर्तनका पचासौं तरिका (विशेषतः बहुवचन बनाउँदा) आदि यस उपपरिवारका मुख्य विशेषता हुन् ।

**सुडानेली**

सुडानेली उपपरिवार अफ्रिका महादेशको भूमध्यरेखाको उत्तर दक्षिणतर्फ पूर्वदेखि पश्चिमसम्मको पातलो भूभागमा बोलिने भाषाहरूको परिवार हो । यस उपपरिवारको नामकरण सुडान देशका आधारमा गरिएको हो । यसको मुख्य क्षेत्र आसपासमा सामेली-हामेली उपपरिवारका भाषा (उत्तरमा) र बान्टु उपपरिवारका भाषा (दक्षिणमा) बोलिन्छन् । यसमा सेनेगल, एवेशाखा, मध्यवर्ती र निलोत्तरी गरी चार शाखा रहेका छन् । यीमध्ये सेनेगल शाखाअन्तर्गत बुलुफ, बुलोन, सेरेन, एवेशाखाअन्तर्गत अकान, फान, नुपे, इबे, मध्यवर्तीअन्तर्गत हौसा र निलोत्तरीअन्तर्गत क्वाफी बार, नुसरलगायतका भाषाहरू पर्दछन् । हौसा, इबे, सोहगई, न्यूबियन, मानफ आदि यस उपपरिवारका प्रमुख भाषाहरू हुन् । यस उपपरिवारका भाषाहरूलाई चिनिया परिवारका भाषासँग मिल्दाजुल्दा पनि मानिन्छ । अयोगात्मकता, व्याकरणिक लिङ्ग व्स्थाको अभाव (पुरुष र स्त्रीवाचक शब्दका आधारमा लिङ्ग बोध हुने), छोटा-छोटा सरल वाक्यको प्रयोग, स्वरभेदगत अर्थ (सुर र तानअनुसार एउटै शब्दको पनि अर्थ परिवर्तन हुने), बहुवचनका लागि 'ये', 'वे' वाचक सर्वनाम तथा 'लोग' शब्दको संयोजन आदि यस उपपरिवारका मुख्य विशेषता हुन् ।

अफ्रिकाली भाषा परिवारका समग्र विशेषताहरू निम्नानुसार छन् :

सामेली-हामेलीसम्बद्ध

- श्लिष्ट-अश्लिष्ट योगात्मकता-अयोगात्मकता
- त्रिव्यञ्जनात्मक धातु व्यवस्था, व्याकरणिक लिङ्ग व्यवस्था
- त्रिकारकको प्रयोग र समासशून्यताको अवस्था
- शब्द रचनामा उपसर्ग, मध्यसर्ग र परसर्गको प्रयोग
- कालबोधका लागि सहायक क्रियाको प्रयोग
- अन्तः स्फोटात्मकता
- प्राणीत्वका आधारमा लैङ्गिक व्यवस्था
- वचन परिवर्तनका पचासौं तरिका
- बहुवचनका लागि ये, वे सर्वनाम तथा 'लोग' शब्दको संयोजन, आदि ।

**(ख) अमेरिकाली भाषा परिवार**

अमेरिका महादेशमा बोलिने भाषाहरूको परिवारलाई अमेरिकाली भाषा परिवार भनिन्छ । शर्मा र लुइटेल (पूर्ववत्) का अनुसार "यो नाम अमेरिकाली भाषाहरूको सामूहिक नाम हो" (पृ. २४६) यस परिवारका भाषाहरूको वैज्ञानिक अध्ययन-अनुसन्धान भएको पाइँदैन त्यसैले भाषावैज्ञानिकहरूले यस

परिवारभित्र अनेक परिवारका भाषाहरू रहेका हुन सक्ने सम्भावना व्यक्त गरेका छन् । अधिकारी (पूर्ववत्) का अनुसार "विद्वान्हरू अमेरिकाका आदिबासीहरूले बोल्ने भाषाहरूको सङ्ख्या ४०० देखि १००० सम्म रहेको मान्दछन्" (पृ. ३८०) । उत्तर अमेरिका, मध्य अमेरिका, दक्षिण अमेरिका, ग्रिनल्यान्ड, मेक्सिको, क्यानडा र त्यस वरपरका द्वीपहरू ती भाषाका प्रयोग क्षेत्र हुन् । यसैका आधारमा त्यहाँका मूल निवासीहरूको भाषालाई उत्तर अमेरिकाली, मध्य अमेरिकाली, दक्षिण अमेरिकाली र मेक्सिकोको भाषा गरी चार शाखामा वर्गीकरण गरिएको पाइन्छ ।

अमेरिकामा त्यहाँका आदिबासीहरूले बोल्ने भाषाबाहेकका अन्य थुप्रै भाषाहरू पनि प्रयोग व्यवहारमा रहेका छन् । अङ्ग्रेजी, स्पेनिस, पुर्तगाली, फ्रेन्च, जर्मन, इटालेली, पोलिस, चिनिया, ग्रिक आदि यसका उदाहरण हुन् । यी भाषा अमेरिकाबाहिरबाट अमेरिकामा गएका भाषा हुन् । अमेरिकाका विभिन्न भूभागमा फरक-फरक भाषा बोलिने र थोरै दुरीमा पनि भिन्न-भिन्न भाषाको प्रयोग गरिने भएकाले अमेरिकाली भाषाहरूको अध्ययन-वर्गीकरण निश्चित गर्न नसकिएको ठानिन्छ । फलस्वरूप अमेरिकी नामबाट सबै भाषाको पहिचान दिने प्रयत्न गरिएको छ। यस परिवारका अधिकांश भाषाहरूमा लिपि र साहित्यको समेत अभाव (प्रायः बोलीचालीमा सीमित रहेकाले) देखिन्छ । भौगोलिक दृष्टिले यसअन्तर्गतका भाषाहरूलाई निम्न तीन भागमा वर्गीकरण गरिएको पाइन्छ :

- क्यानडा र संयुक्त राज्यमा प्रचलित भाषा : अथबस्कन, अलगोनकी, होका, पुरोकवा, सिउई आदि ।
- मेक्सिको र मध्य अमेरिकामा प्रचलित भाषा : अज्टेक, मय, नहुअत्ल आदि ।
- दक्षिण अमेरिकामा प्रचलित भाषा : अरबक, चिबोचा, तुपी-गुअर्नी, चेरोकी, करिब, क्वेचुआ, नुत्का आदि ।

उपर्युक्त वर्गमा विभाजित भाषाहरूमध्ये क्यानडा र संयुक्त राज्यको अथबस्कन, मेक्सिको र मध्य अमेरिकाको नहुअत्ल, दक्षिणी अमेरिकाको अरबक, करिब, क्वेचुआ र नुत्का भाषा प्रमुख तथा प्रसिद्ध भाषा मानिन्छन् ।

अमेरिकाका कतिपय ठाउँमा महिला र पुरुषले छुट्टाछुट्टै भाषा अर्थात् महिलाहरूले अरबक र पुरुषहरूले करिब भाषा बोल्ने गर्दछन् । एकवेला अरबक र करिब भाषीबीच लडाइ भएको, लडाइमा अरबक भाषी पुरुषहरू सबै मारिएको र तिनका महिलालाई करिबभाषी पुरुषहरूले विवाह गरेको तर विवाहपछि पनि महिलाहरूले आफ्नो भाषाको प्रयोग व्यवहारलाई निरन्तरता दिएका कारण भिन्न-भिन्न भाषा प्रयोग गर्ने गरेको भनाइ पाइन्छ अपितु दुबैले एकर्काको भाषा बुझ्ने र दुबैलाई महत्त्व दिने गरेका छन् ।

अमेरिकी भाषा परिवारअन्तर्गतका भाषाहरू परस्परमा असम्बद्ध भएकाले तिनबाट समान अभिलक्षण निकाल्न मुस्किल पर्दछ । तथापि केही विशेषताहरू निम्नानुसार रहेका छन् :

- प्रश्लिष्ट योगात्मकता

- शब्दद्वारा वाक्यात्मक कार्य सम्पादन
- स्वतन्त्र शब्दको प्रयोगविहीनता
- अधिकांश भाषामा लिपि र साहित्यको अभाव
- विस्तृत अन्वेषणको कमी, आदि ।

**(ग) ककेसियाली भाषा परिवार**

कृष्ण (कालो) सागर (युरोप महादेशमा अवस्थित) र क्यास्पियन सागर (एसिया र युरोप महादेशका बिचमा अवस्थित) का बिचमा रहेको ककेसस (Caucasus) पर्वत शृङ्खलाको सेरोफेरोमा बोलिने भाषाहरूको परिवारलाई ककेसियाली भाषा परिवार भनिन्छ। गौतम र चौलागाईं (२०६७) का अनुसार “ककेसस पर्वतको छेउछाउमा बोलिने भएकाले यसको नामकरण ककेसस गरिएको छ” (पृ. ३४६) यस भाषा परिवारका वक्ताहरूको बसोबास दुर्गम पहाडी भेकमा रहेकाले यस परिवारमा धेरै भाषा, भाषिका र व्यक्तिबोलीहरू विकसित भएका छन् तदपि तिनको सम्यक अध्ययन भने हुन सकेको छैन ।

ककेसियाली भाषा परिवारअन्तर्गतका भाषाहरूलाई निम्न दुई शाखामा विभाजन गरिएको पाइन्छ :

- उत्तरी ककेसियाली : चेचेन, कवार्दियन, अवर अब्खासियन, लेगी, आदि ।
- दक्षिणी ककेसियाली : जर्जियन, मिग्रेलियन, सुआनियन, आदि ।

यी शाखामा वर्गीकृत भाषाहरूमध्ये जर्जियन (जर्जियाली) भाषालाई यस परिवारको प्रमुख भाषा मानिन्छ जसमा साहित्यिक रचनासमेत भएको पाइन्छ ।

ककेसियाली परिवारका केही भाषाहरूमा पारस्परिक समानता र केहीमा असमानता रहेको देखिन्छ । भौगोलिक विकटता, दूरता, सम्पर्कको अभावजस्ता कारणले यस्तो भएको हुन सक्छ । यसअन्तर्गतका अधिकांश भाषाहरू कथ्यमा मात्र सीमित रहेका छन् । केही समयसम्म यस परिवारका भाषाहरूको प्रकृति श्लिष्ट योगात्मक मानिएको भए पनि अध्ययन अनुसन्धानका आधारमा यसअन्तर्गतका भाषाहरू अश्लिष्ट प्रकृतिका देखिएका छन् । यसअन्तर्गतका कतिपय भाषामा कतै-कतै प्रश्लिष्ट योगात्मकताको लक्षण पनि पाइन्छ ।

यस परिवारका मुख्य विशेषताहरू निम्नानुसार छन् :

- मूलतः अश्लिष्ट, अंशतः प्रश्लिष्ट योगात्मकता
- शब्द रचनामा उपसर्ग र प्रत्ययको योग
- व्यञ्जन वर्णको बहुलता, स्वरको अल्पता (उत्तरी शाखाको अवर भाषामा ४३ व्यञ्जन)
- अधिक विभक्ति र लिङ्गको व्यवस्था (अवर भाषामा ३० विभक्ति, चेचेन भाषामा ६ लिङ्ग)
- मिल्दा-अमिल्दा लक्षणयुक्त भाषाको सँगेलाइ, आदि ।

**(घ) जापानी-कोरियाली भाषा परिवार**

जापान, कोरिया तथा तिनका निकटवर्ती भूभागमा बोलिने भाषाहरूको परिवारलाई जापानी-कोरियाली भाषा परिवार भनिन्छ । तिवारी (पूर्ववत्) का अनुसार "यो भाषा जापान, कोरिया तथा आसपासका केही द्वीपहरूमा फैलिएको छ" (पृ. ११४) । यो जापान र कोरिया देशका आधारमा नामकरण गरिएको भाषा परिवार हो । यसलाई कसैकसैले उत्तरपूर्वी एसियाली भाषा परिवार पनि भनेका छन् । यसको मुख्य क्षेत्र जापान र कोरिया हो भने मुख्य भाषा जापानी र कोरियाली हुन् । यी दुबै भाषा साहित्य र संस्कृतिका दृष्टिले समृद्ध मानिन्छन् । जापानी भाषालाई संसारकै सम्पन्न (विकसित) भाषासमेत मानिन्छ ।

जापानी र कोरियाली भाषालाई लामो समयसम्म बेग्लाबेग्लै परिवारमा छुट्याइएको थियो भने पछि युराल अल्टाइली भाषा परिवारमा राखिएको थियो । यी दुबैमा केही मात्रामा समानता देखिएकाले अचेल भने एकै ठाउँमा राखिएको छ तदपि यी दुबै परिवार परस्परमा असम्बद्ध भएकाले कसैले चिनिया-तिब्बती परिवारमा, कसैले युराल अल्टाइली परिवारमा त कसैले मलय पोलिनेसियाली परिवारमा समेट्नुपर्ने धारणा राख्दै आएका छन् । गम्भीर भाषावैज्ञानिक अध्ययनको अभावस्वरूप यस किसिमका धारणा देखा परेका हुन् । अनिश्चितताको यस स्थितिमा जापानी र कोरियाली भाषालाई स्वतन्त्र परिवार मान्नु उपयुक्त हुन्छ ।

यस परिवारका भाषामा पाइने मुख्य विशेषताहरू निम्नानुसार छन् :

- अश्लिष्ट योगात्मकता
- अनेकाक्षरी शब्द व्यवस्था
- प्रत्येक अक्षरमा समान बलसहित शब्दोच्चारण व्यवस्था
- व्याकरणिक लिङ्गको अभाव (लिङ्गबोधका लागि प्रत्यय जोड्नुपर्ने व्यवस्था)
- वचन र पुरुषगत धारणा अस्पष्ट (बहुवचन बुझाउन प्रत्यय जोड्नुपर्ने, पुरुषबोधक शब्द भए पनि प्रायः प्रयोग नहुने)
- कारकीय सम्बन्धका लागि परसर्गको प्रयोग
- नामअनुसार सङ्ख्यावाचक शब्दमा परिवर्तन
- पुरुष (प्रथम, द्वितीय, तृतीय) विहीन क्रियाको प्रयोग
- सुनिश्चित (नियमित) पदक्रम, आदि ।

**(ङ) मलय पोलिनेसियाली भाषा परिवार**

पश्चिम अफ्रिकाको समुद्रकिनार वा हिन्द महासागरमा अवस्थित मडागास्कर द्वीपदेखि पूर्वी द्वीपसम्म तथा उत्तरमा फारमोसादेखि दक्षिणमा न्यूजिल्यान्ड देशसम्म अनि मलाया, जावा, सुमात्रा, बोर्नियो, बाली, हवाई, ताहिती द्वीप र प्रशान्त महासागरका ज्यादै छोटाछोटा टापु (द्वीप) सम्मको भूभागमा

बोलिने भाषाहरूको परिवारलाई मलय पोलिनेसियाली भाषा परिवार भनिन्छ। यस परिवारमा हजारभन्दा बढी भाषाहरू रहेका भनिए पनि ती सबै अस्तित्वमा देखिँदैनन्। कतिपय विद्वान्हरूले यस भाषा परिवारलाई विभाजन गरी मलय र पोलिनेसियन दुई छुट्टाछुट्टै भाषा परिवार बनाउने प्रयत्न गरेको पाइन्छ तर त्यसमा अधिकांश विद्वान्हरूको भने विमति रहेको छ। अधिकारी (पूर्ववत्) का अनुसार "यस परिवारका विभिन्न भाषाहरूमध्ये इन्डोनेसियामा बोलिने मलय, फिजीमा बोलिने फिजी, जावामा बोलिने जावा, न्युजिल्यान्डको माओरी, पपुआ र न्युजिल्यान्ड वरपरको मेलानेसियाली, न्युजिल्यान्ड र हवाइतिर बोलिने पोलिनेसियाली भाषाहरू बढी प्रसिद्ध छन्" (पृ.३८२)। यस परिवारका प्रमुख शाखाहरू निम्नानुसार छन् :

- हिन्दद्वीपीय (इन्डोनेसियाली) : मलाया, जावा, सुमात्रा, बोर्नियो, सिलिबिज, बाली, फिलिपिन, फारमोसा, मडागास्कर द्वीपमा बोलिने ।
- कृष्णद्वीपीय (मेलानेसियाली) : न्यु हेब्रिडिज, फिजी, सोलोमन आदि द्वीपमा बोलिने ।
- लघुद्वीपीय (माइक्रोनेसियाली) : गिलबर्ट, मार्सल, मारियन आदि द्वीपमा बोलिने ।
- बहुद्वीपीय (पोलिनेसियाली) : समोआ, न्युजिल्यान्ड, ताहिती, हवाइ, रारोतांगा इस्टर द्वीप आदिमा बोलिने ।

यस परिवारका विभिन्न भाषाहरूमध्ये इन्डोनेसियामा बोलिने मलाया, फिजीमा बोलिने फिजियन, जावामा बोलिने जावा, न्युजिल्यान्डमा बोलिने माओरी, पपुआ, बोर्नियोमा बोलिने दयक, फिलिपिनमा बोलिने तगल, फारमासामा बोलिने फारमोसी, मडागास्करमा बोलिने मलगसी, न्युजिल्यान्ड आसपासमा बोलिने मेलानेसियाली र हवाइ आसपासमा बोलिने पोलिनेसियाली भाषा प्रसिद्ध रहेका छन्। यीमध्ये मलाया भाषा साहित्यिक दृष्टिले बढी सम्पन्न मानिन्छ।

यस परिवारका भाषामा पाइने मुख्य विशेषताहरू निम्नानुसार छन् :

- अश्लिष्ट योगात्मकता
- स्वराघातको महत्ता
- मूल शब्द वा धातुमा द्वयक्षरात्मकता
- शब्दको पहिलो अक्षरमा बलाघात
- लिङ्ग, वचन र विभक्तिको अभाव (कहिले उपसर्ग त कहिले प्रत्यय जोडेर विभक्तिको अनि द्वित्व गरेर बहुवचनको अर्थ व्यक्त गरिने)
- क्रियारूप निर्माणका लागि धातुमध्यमा प्रत्यययोग
- संस्कृतनिष्ठ शब्दको प्रशस्त उपयोग आदि ।

**(च) युराल-अल्टाइली भाषा परिवार**

युरोप महादेशमा अवस्थित युराल पर्वत र एसियामा अवस्थित अल्टाई पर्वतका बिचमा पर्ने टर्की रसिया, साइबेरिया, हङ्गेरी, फिनल्यान्डलगायतका देश र ती आसपासका क्षेत्रमा बोलिने भाषाहरूको

परिवारलाई युराल-अल्टाइली भाषा परिवार भनिन्छ । यस परिवारको नामकरण युराल र अल्टाई पर्वतको नामबाट गरिएको हो । भाषाको फैलावट वा क्षेत्र विस्तारका दृष्टिले यो भाषा परिवार भारोपेलीपछिको दोस्रो ठुलो भाषा परिवारका रूपमा देखा पर्दछ । यसलाई कसैकसैले फिनी-उग्रीक भाषा परिवार भनेका छन् भने कसैले युराल र अल्टाइली भाषाहरूको बेग्लाबेग्लै परिवार बनाइनुपर्दछ पनि भनेका छन् । न्यौपाने र अन्य (पूर्ववत्) का अनुसार नामअनुसार नै यस परिवारका युराल र अल्टाइली गरी मुख्य दुई भेद रहेका छन्" (पृ.२२७) :

- युराल : फिनिस (दक्षिणी फिनल्यान्ड), लापी (उत्तरी फिनल्यान्ड), एस्तोनी (एस्तोनिया), हङ्गेरी (मग्यार), सामयेद (साइबेरिया) ।
- अल्टाई : तुर्की (टर्की), किरगिज (किरगिज), अजरबैजान (अजरबैजान), उजबेक (उजबेकिस्तान), मंगोल (मंगोलिया), मन्चु (मन्चुरिया) ।

उल्लिखित दुई शाखामा वर्गीकृत यस परिवारका भाषाहरूमध्ये फिनिस, हङ्गेरी र तुर्की भाषा साहित्यका दृष्टिले बढी समृद्ध मानिन्छन् । (फिनिस भाषामा लेखिएका रचनाहरू १६ औं शताब्दीदेखि नै फेला परेको मानिन्छ ।) यीबाहेकका एस्तोनी, उजबेक, मङ्गोल, किरगिज, मन्चुलगायतका भाषाहरूको पनि अत्यधिक प्रयोग पाइन्छ ।

यस परिवारका भाषामा पाइने विशेषताहरू निम्नानुसार छन् :

- अश्लिष्ट योगात्मकता (मज = लेखन, मजमक = लेख्नु, सेव = प्रेम, सेवमेक = प्रेम गर्नु)
- समस्वरात्मकता (मूल शब्दमा जस्तै प्रत्ययमा पनि समान स्वर आउने/मूल शब्दमा अग्र स्वर भए प्रत्ययमा पनि अग्र स्वर हुने व्यवस्था)
- व्याकरणिक लिङ्ग व्यवस्थाको अभाव
- कारकीय सङ्ख्याको अनिश्चितता (खान्ती भाषामा ३, फिनिसमा १४, हङ्गेरीमा २१ वटा कारक)
- त्रिस्वरात्मक व्यवस्था (ह्रस्व, दीर्घ र प्लुत स्वर) आदि ।

**(छ) भारोपेली भाषा परिवार**

भारोपेली भाषा परिवार विश्वको सबैभन्दा ठुलो भाषा परिवार हो । "भारोपेली मूल भाषा कहिले बोलिन्थ्यो भन्ने प्रश्नको उत्तरमा के भन्न सकिन्छ भने त्यो समय मोटामोटी रूपमा ई. पू. २५००-३००० को बिच थियो होला" (बन्धु, २०४८, पृ. ११०) । भारोपेली नामका आधारमा यसले भारत र युरोपमा बोलिने भाषाहरूलाई मात्र समेटे पनि क्षेत्रविस्तार र प्रयोगका दृष्टिले संसारको ८० प्रतिशत भूभाग र आधाभन्दा बढी जनसङ्ख्यालाई समेट्दछ । भाषा-साहित्य एवम् सभ्यता-संस्कृतिका दृष्टिले यो भाषा परिवार अन्य भाषा परिवारका तुलनामा समृद्ध मानिन्छ । यस परिवारका भाषामा लेखिएका साहित्य जति प्राचीन, विविध र उत्कृष्ट छन् त्यति अन्य परिवारका भाषामा छैनन् भनिन्छ ।

वैज्ञानिक साहित्य तथा भाषावैज्ञानिक दृष्टिकोणका आधारमा पनि यो भाषा परिवार समुन्नत देखिन्छ । यस परिवारका भाषाको अध्ययन अनुसन्धान जति भएको छ त्यति अन्य परिवारका भाषाको भएको पाइँदैन ।

भारोपेली भाषाको मूल थलोका बारेमा विभिन्न किसिमका धारणाहरू देखा परेका छन् । आफ्ना पूर्खालाई आदिकालदेखि आफ्नै देशमा बस्दै आएको देखाउन चाहने अभिप्राय यसमा मुख्य कारण बनेको छ । युरोपेली भाषाशास्त्रीहरूले युरोपलाई यसको मूल भूमि मानेका छन् भने भारतीयहरूले भारतलाई यसको प्रमुख स्थल मानेका छन् । युरोपेलीहरूमध्ये लेथमले युरोपको क्यान्डेनेबियालाई, गाइल्जले हङ्गेरीको कारपेथियन पर्वत आसपासलाई, ब्रान्दे स्ताइनले युराल पर्वतको दक्षिण पूर्वमा पर्ने किरगिजको मैदानलाई भारोपेलीको मूल थलो भनेका छन् भने भारतीयहरूमध्ये केहीले कास्मिर क्षेत्रलाई, केहीले मुल्तान क्षेत्रलाई र केहीले तिब्बत क्षेत्रलाई यसको प्रमुख स्थल मानेका छन् । शर्मा र लुइटेल (पूर्ववत्) का अनुसार "प्राध्यापक बर्कले यस परिवारका अधिकतम भाषाहरूको क्षेत्र युरोप हो भनेका छन्" (पृ. २५०) । जसरी भाषाको उत्पत्तिका बारेमा अनेकौं अड्कल गरिएको छ र त्यसबारे निश्चित हुन सकिएको छैन, ठिक त्यसैगरी यसका बारेमा पनि निर्णयमा पुग्न सकिएको छैन, यद्यपि समयका हिसाबले आजभन्दा करिब ४५०० वर्षअघि यस समुदायका मानिसहरू एकै स्थानमा बसेका र पछि क्रमशः विभिन्न देशहरूमा गएका भन्ने अनुमान गरिएको छ । साथै तुलनात्मक पुनर्निर्माणका आधारमा यसका मूल वक्ता (प्रयोक्ता) विरोस जाति थिए भन्ने निष्कर्ष निकालिएको छ ।

भारोपेली भाषा परिवारको नामकरणका सम्बन्धमा पनि भाषाशास्त्रीहरू मतभेद पाइन्छ । यसको मुख्य क्षेत्र युरोप र एसियाका विभिन्न भूभागहरू भए पनि अमेरिका, अफ्रिका, अष्ट्रेलिया महादेश र तदन्तर्गतका विभिन्न देशमा समेत यसै परिवारका भाषाहरू बोलिन्छन् । यस आधारमा भाषाशास्त्रीहरूले भारोपेली नामलाई सङ्कीर्ण भनेका छन् र त्यसका सट्टा भारत-जर्मनेली (इन्डो-जर्मनिक), आर्य, भारत-केल्टिक, (इन्डो-केल्टिक), भारत-युरोपेली (इन्डो-युरोपियन), भारत-हित्ती (इन्डो-हिट्टाइक), जेफेटिक लगायतका नाम सुझाएका छन् । अपितु यी नाम पनि दोषरहित, सर्वश्रेष्ठ एवम् सर्वमान्य नभएकाले सबै दृष्टिकोणबाट भारोपेली (इन्डो-युरोपियन) नामलाई उपयुक्त ठानिएको छ । तिवारी (पूर्ववत्) का अनुसार "यस भाषाका प्राचीन भाषा संस्कृत, पालि, प्राकृत, अपभ्रंश, प्राचीन फ्रांसिसी, अवेस्ता, ग्रिक र ल्याटिन हुन् भने आधुनिक भाषा अङ्ग्रेजी, रुसी, जर्मनी, स्पेनी, पुर्तगाली, फारसी, हिन्दी, बंगला, गुजराती, मराठी आदि रहेका छन्" (पृ. ११७) ।

भारोपेली परिवारअन्तर्गतका भाषाहरूलाई 'अस्कोली' नामक भाषावैज्ञानिकले सन् १८७० मा 'सतम्' र 'केन्तुम' गरी दुई वर्गमा विभाजन गरेका छन् । उनले यसपूर्व आर्य इरानेली, बाल्टेली, स्लाभेली, आर्मेनियाली, ग्रिसेली, इटालेली, केल्टेली, जर्मनेलीलगायतका भाषाको ध्वन्यात्मक तुलना गरेका थिए । यस क्रममा उनले मूल भारोपेली भाषाको कण्ठ्य ध्वनि कुनै भाषामा कण्ठ्यकै रूपमा रहेको र कुनैमा सङ्घर्षी (श, स, ज) हुन पुगेको पत्ता लगाएका थिए । पछि उनले  ल्याटिन र अवेस्ता

भाषालाई प्रतिनिधि भाषाका रूपमा लिएर सङ्ख्यावाचक सय शब्दको प्रयोग गरी त्यसलाई जनाउन ल्याटिनमा केन्तुम र अवेस्तामा सतम भनिने पुनर्पुष्टि गर्दै सय जनाउन सतम भनिने इरानी स्तो भनिने स्लाभेली, जिम्तस भनिने बाल्टेलीलगायतका भाषालाई सतम र होकातोन भनिने ग्रिसेली केत् भनिने केल्टेली, कन्ध भनिने तोखोरलीलगायतका भाषालाई केन्तुम वर्गमा राखेका थिए। सतम् वर्गका भाषाहरूमध्ये अल्बानियाली शाखाका भाषाहरू अल्बानिया, युगोस्लाभिया, इटाली तथा ग्रिसका केही भागमा, आर्मेनियाली शाखाका भाषाहरू मूलतः आर्मेनियामा र अंशतः युरोप र एसियाका केही भागमा, बाल्टेली शाखाका भाषाहरू लिथुआनिया, ल्याटभियालगायतका देशमा, स्लाभेली शाखाका भाषाहरू पोल्यान्ड, खस, युक्रेनलगायतका देशमा र आर्य इरानेली शाखाका भाषाहरू नेपाल, भारत, श्रीलङ्का, बङ्गलादेशलगायतका एसियाली मुलुक तथा अमेरिका र युरोपका विभिन्न भूभागमा बोल्ने गरिन्छ।

केन्तुम वर्गका उपर्युक्त भाषाहरूमध्ये एनाटोलियाली शाखाका भाषाहरू (हिट्टेली, पलेइक, लिसियाली आदि) र तोखारेली शाखाका भाषाहरूको लोप भइसकेको मानिन्छ भने ग्रिसेली शाखाका भाषा ग्रिस, टर्की, अमेरिका, साइप्रसलगायतका देशमा, इटालेली शाखाका भाषा इटाली, फ्रान्स, स्विजरल्यान्ड स्पेन र रुमानियामा, जर्मनेली शाखाका भाषा आइसल्यान्ड, नर्बे, डेनमार्क, जर्मन, हङ्गेरीलगायतका देशमा र केल्टेली शाखाका भाषा ब्रिटेन, फ्रान्स, स्पेन, इटालीलगायताका मुलकमा बोल्ने गरिन्छ।

भारोपेली भाषा परिवारका मुख्य विशेषताहरू निम्नानुसार छन् :

- योगात्मकता (कुनैमा प्रश्लिष्ट, कुनैमा अश्लिष्ट र कुनैमा श्लिष्ट योगात्मकता)
- प्राचीनता र स्थूलता
- शब्दरचनामा धातु, उपसर्ग, प्रत्यय र समासको योग
- वाक्यरचनामा शब्दयोग नभई पदयोग (शब्दमा विभक्ति लगाई पद र त्यसद्वारा पारस्परिक अन्वय सिद्ध गरी वाक्य निष्पत्ति गरिने)
- एकाक्षरी धातुको बहुलता
- स्वर परिवर्तनअनुसार अर्थ परिवर्तन (जस्तैः कुमारबाट कौमार, Sing (गाउनु), Sang ( गायो) र song (गाएको) आदि।
- भाषा-भाषिकाको प्रचुरता
- साहित्यिक रचनाको अधिकता
- भाषावैज्ञानिक अध्ययनको व्यापकता, आदि।

**(ज) चिनिया-तिब्बती भाषा परिवार**

मूलतः चिन-तिब्बतमा बोलिने भाषाहरूको परिवारलाई चिनिया-तिब्बती भाषा परिवार भनिन्छ। वक्ता र भौगोलिक क्षेत्रका दृष्टिले यसलाई भारोपेलीपछिको दोस्रो ठुलो भाषा परिवार मानिन्छ। यसको मुख्य क्षेत्र चिन-तिब्बत भएकाले यसको नाम चिनिया-तिब्बती रहेको हो। यसलाई चिनिया,

भोट बर्मेली तथा मङ्गोल मूलका जातिको भाषा परिवार पनि भनिन्छ । गौतम र चौलागाईं (पूर्ववत्) का अनुसार "चिनियाँ तिब्बती एकाक्षरी भाषाको परिवार हो" (पृ. ३६६) । यस परिवारको भाषा चिन-तिब्बतका अतिरिक्त नेपाल, भारत, भुटान, बर्मा, भियतनाम, लाओसजस्ता चिनिया छिमेकी मुलुक र थाइल्यान्ड, बङ्गलादेशजस्ता निकटवर्ती मुलुकमा समेत बोलिन्छ ।

चिनिया-तिब्बती परिवारको मुख्य भाषा चिनिया हो । यसका शब्द र धातुहरू एकाक्षरी हुन्छन् । विभक्ति र प्रत्ययका कारण तिनको रूप परिवर्तन हुँदैन । यसमा एकै शब्दको बढी अर्थ दिनुपर्दा सुर वा तानको प्रयोग गरिन्छ भने पदहरूका बिचको पारस्परिक सम्बन्धलाई वाक्यमा त्यसले लिने स्थानका आधारमा निर्दिष्ट गरिन्छ । चिनिया भाषाका शब्द अयोगात्मक तथा अपरिवर्तनीय हुन्छन् । व्याकरणको आवश्यकता नै नपर्ने यस भाषामा विभाषाको प्रचुरता पाइन्छ । फलस्वरूप उत्तरबासी चिनियाको बोली दक्षिणबासीले र दक्षिणबासीको बोली उत्तरबासीले बुझ्दैनन् । चिनिया भाषिक एकताको आधार भाषा नभएर लिपि रहेको छ । उत्तर र दक्षिणमा रहेको भाषिक भेद बल्की लिपिको एकताका कारण केही हदसम्म बोधगम्य हुन्छ जसमा (बल्की लिपिमा) चित्रलिपिका धेरै विशेषताहरू पाइन्छन् ।

चिनिया-तिब्बती परिवारमा भाषाहरूको सङ्ख्या अत्यधिक रहेको र त्यससम्बन्धी सूक्ष्म अध्ययन-विश्लेषण नभइसकेकाले यसका शाखा विभाजनमा एकरूपता पाइँदैन । भाषावैज्ञानिक ग्रियर्सनले यसका थाइ चिनिया र भोट बर्मेली गरी दुई शाखा देखाएका छन् भने लेहम्यानले येनेसेइ-ओत्स्याक, भोट बर्मेली र थाइ चिनिया गरी तीन शाखा देखाएका छन् । त्यस्तै सेफरले छ शाखा (चिनिया, थाइ, बोदेली-तिब्बती, तिब्बती, बारेली र करेनी) र भोगलिन र भोगलिनले यसका नौ शाखा उल्लेख गरेका छन् । नेपाली भाषाविद् बालकृष्ण पोखरेलले चाहिँ यस परिवारका भाषालाई चिनिया र भोट बर्मेली शाखामा विभाजन गरी भोट बर्मेलीमा बर्मेली, आसामी र भोट हिमाली गरी तीन उपशाखा र भोट हिमालीमा दक्षिणपूर्वी र उत्तर पश्चिमी भेद देखाएका छन् । यस परिवारका शाखा विभाजनमा यी किसिमका मतभेद देखिएका भए पनि मूलतः निम्न दुई शाखालाई अधिकांश विद्वान्हरूले स्वीकार गरेका छन् :

- **थाइ चिनिया** : थाइ मन्दारिन, कैटनी, फुकिनी आदि ।
- **भोट बर्मेली** : तिब्बती, बर्मी, स्यामी, बोडो, नागा, नेवारी आदि ।

उल्लिखित दुई शाखामा विभाजित भाषाहरूमध्ये थाइ चिनिया शाखाका भाषाहरू थाइल्यान्ड (थाइ) र चिन-तिब्बत (मन्दारिन, कैटनी, फुकुनी) मा बोलिन्छन् भने भोटबर्मेली शाखाका भाषाहरू तिब्बत (तिब्बती), बर्मा (बर्मी), थाइल्यान्ड (स्यामी), आसाम (बोडो, नागा) र नेपाल (नेवार) मा बोलिन्छन् । भाषावैज्ञानिकहरूका अनुसार चिनिया भाषामा इ. पू. दोस्रो शताब्दीका, तिब्बती भाषामा सातौं शताब्दीका, बर्मेली भाषामा नवौं शताब्दीका र नेवारी भाषामा एघारौं शताब्दीका लिखित रूप पाइन्छन् । साहित्यिक रचनाका दृष्टिले चिनिया र थाइ भाषा अग्रणी रहेका छन् भने त्यसपछि क्रमशः तिब्बती र बर्मेली रहेका छन् ।

नेपालमा पनि यस परिवारका अत्यधिक भाषा बोलिन्छन् जसमध्ये नेवार, मगर, गुरुङ, तमाङ, चेपाङ, लिम्बू, राई, धिमाल, थामी, कुसन्डा, मेचे, बान्तवा, आठपरिया, किराँती, सेर्पा, थकाली, घले, जिरेल, सुनुवार, लेप्चा, हायुलगायतका भाषाहरू प्रमुख मानिन्छन् ।

यस परिवारका विशेषताहरू निम्नानुसार छन् :

- अयोगात्मकता
- एकाक्षरी शब्द व्यवस्था
- व्याकरणको अभाव (व्याकरण नलेखिएको तथा त्यसको आवश्यकता नै नरहेको)
- वाक्यीय स्थानका आधारमा शब्दार्थबोध (एउटै शब्द नाम, विशेषण वा क्रियामा परिवर्तन हुन सक्ने)
- सुर र तानअनुरूप अर्थ परिवर्तन
- अर्थ प्रस्ट्याइँका लागि कहिलेकाहीँ शब्दयुग्मको प्रयोग
- अनुनासिक ध्वनिको बहुलता
- विभाषाको प्रचुरता
- लिपिगत एकता आदि ।

**(झ) आग्नेली भाषा परिवार**

दक्षिण पूर्वी एसिया र त्यसका आसपासमा बोलिने भाषाहरूको परिवारलाई आग्नेली भाषा परिवार भनिन्छ । यसलाई अस्ट्रिक, आग्नेय वा आग्नेसियाली भाषा परिवार पनि भनिन्छ । यसको नामकरणसँग सम्बन्धित अस्ट्रिक शब्दले दक्षिणको भन्ने अर्थ दिन्छ । अधिकारी (पूर्ववत्) का अनुसार "एसियाका दक्षिणवर्ती द्वीपहरूमा बोलिने भाषाहरूलाई यस परिवारमा राखिएको छ" (पृ. ३८१) विश्व मानचित्रमा एसियाली मुलुकहरू पूर्वी ध्रुवमा पर्दछन् भने त्यसको दक्षिणपूर्वी भागमा यस परिवारका वक्ताहरू बसोबास गर्दछन् । त्यसैले दक्षिण पूर्वी एसियालाई यस परिवारको मुख्य क्षेत्र मानिएको हुनुपर्छ जहाँ म्यानमार (बर्मा), कम्बोडिया, थाइल्यान्ड, लाओस, भियतनाम, मलेसिया, भारत (बिहार, मध्य प्रदेश, तमिलनाडु, आसाम) नेपाललगायतका देशहरू पर्छन् ।

यस परिवारका भाषाहरूलाई मुन्डा समूह, मोन-ख्मेर समूह, खासी-निकोबार समूह, प्रोटो मलक्काली समूह र चाम समूह गरी पाँच भागमा वर्गीकरण गरिएको भए पनि निम्न तीन शाखा प्रमुख मानिन्छन् :

- **मुन्डा वा कोल** : दक्षिणपूर्वी एसियाको पश्चिमी भेकमा बोलिने भाषा ।
- **मोन-ख्मेर** : दक्षिणपूर्वी एसियाको मध्य भेक वा केन्द्रमा बोलिने भाषा ।
- **अन्नाम-मुआइ** : दक्षिणपूर्वी एसियाको पूर्वी भेकमा बोलिने भाषा ।

उपर्युक्त तीन शाखाहरूमध्ये मुन्डा वा कोलका दुई वर्ग रहेका छन् : उत्तरी र दक्षिणी । भारतको बिहारदेखि सिमलासम्म उत्तरी वर्गका भाषा (धिमाल, लिम्बू, बुनान, पाटनी, कनाबरी आदि) र

मध्यप्रदेश, उडिसा, पूर्वी बिहार, पश्चिम बङ्गाललगायतका क्षेत्रमा दक्षिणी वर्गका भाषाहरू (सन्थाल, मुन्डा, भूमिज, कोडा आदि) बोलिन्छन् । मोन-ख्मेर शाखाका भाषाहरू खासगरी बर्मा, थाइल्यान्ड, निकोबर द्वीपसमूहलगायतका देशहरूमा बोलिन्छन् । यस समूहको मुख्य भाषा मोन-ख्मेर अन्यका तुलनामा समृद्ध रहेको देखिन्छ । यसमा साहित्यिक लेखनको कार्यसमेत भएको पाइन्छ । यसपछिका प्रमुख भाषा मुन्डा र सन्थालमा भने साहित्य सिर्जना भएको पाइँदैन । यस परिवारका अधिकांश भाषा बोलीचालीमा मात्र सीमित रहेकाले यसको समुचित उन्नयन हुन सकेको देखिँदैन ।

नेपालमा आग्नेली भाषा परिवारका सतार वा सन्थाल र खडिया भाषा बोलिन्छन् । झापा र मोरङका दक्षिणी सीमावर्ती भूभागलाई यसको मुख्य क्षेत्र मानिन्छ । नेपाली भाषामा प्रचलित कौडा (खेल्ने वस्तु), कोरी (बिस) लगायतका शब्द सन्थाल भाषाबाट आएका हुन् ।

यस भाषा परिवारका मुख्य विशेषताहरू निम्नानुसार छन् :

- अश्लिष्ट योगात्मकता
- अर्ध व्यञ्जन ध्वनिको व्यवस्था
- शब्दान्तमा संयुक्त व्यञ्जनको अभाव
- त्रिवचनको व्यवस्था
- शब्दोच्चारणमा बलाघातको प्रयोग
- पदरचनामा मध्यसर्गको समेत प्रयोग (जस्तैः मन्झी = मुखिया, मपन्झी = मुखियाहरू आदि)
- लिङ्ग निर्धारणका लागि मूल शब्दमा पुरुष वा स्त्रीवाचक शब्दयोगको व्यवस्था, जस्तैः आँडिया कूल = बाघ, एंगा कूल = बघिनी आदि)
- क्रियाभेदमा पुरुष अननुरूपता (पुरुषअनुसार क्रियाभेद नहुने)
- स्थानभेदअनुसार शब्दको अर्थ र भूमिका परिवर्तन (एउटै शब्द नाम, सर्वनाम वा क्रियामा परिवर्तन हुन सक्ने) आदि ।

### (ञ) द्रविड भाषा परिवार

द्रविड जातिका मानिसहरूले बोल्ने भाषाहरूको परिवारलाई द्रविड भाषा परिवार भनिन्छ । कतिपय विद्वान्हरूले थाइ, भियतनामी, मोन-ख्मेर आदि भाषाहरूलाई यसैमा गाभेर यसलाई द्रविडको सट्टा दक्षिण-पूर्वी एसिया परिवारका रूपमा नामकरण गर्न खोजेका भए पनि यो द्रविड भाषा परिवारकै रूपमा सुप्रसिद्ध छ । "मुख्यतः भारतको तमिलनाडु राज्य तथा मलेसिया, इन्डोनेसिया, श्रीलङ्का, बर्मालगायत पूर्वी र दक्षिणी अफ्रिका आदि क्षेत्रमा यस परिवारका भाषाहरू बोल्ने गरिन्छ" (न्यौपाने र अन्य, पूर्ववत्, पृ. २२५) । यसको क्षेत्र दक्षिण भारत (तमिलनाडु, केरला, कर्नाटक, बेङ्लोर, आन्द्र प्रदेश आदि) हो । यस परिवारका केही भाषा पूर्वी भारत, बिहार, उडिसा र मध्य भारतमा पनि

बोलिन्छन् भने भारतबाहिर मलेसिया, इन्डोनेसिया, श्रीलङ्का, म्यानमार (बर्मा), पाकिस्तान (बुलुचिस्तान) नेपाललगायतका देशहरूमा पनि बोलिन्छन् ।

भारतको तमिलनाडु तथा मद्रासमा बोलिने तमिल, आन्द्र प्रदेशमा बोलिने तेलगु, केरलामा बोलिने मलयालम, कर्नाटकमा बोलिने कन्नड, बिहार, उडिसा र मध्य प्रदेशमा बोलिने उरावँ, बुलुचिस्तानमा बोलिने ब्राहुई, उडिसामा बोलिने कुई, बङ्गालमा बोलिने मल्टो, मुम्बइको सीमाक्षेत्रमा बोलिने तुलु, पश्चिम बेरारतिर बोलिने कालमी यस परिवारका प्रचलित भाषा हुन् । यीमध्ये तमिल यस परिवारको मुख्य भाषा हो । भाषा-साहित्य, सभ्यता र संस्कृतिका दृष्टिले यस भाषालाई अत्यन्त समृद्ध भाषा मानिन्छ । यसमा सातौं शताब्दीपूर्वदेखिको लिखित साहित्य पाइन्छ । तेलगु, कन्नड, मलयालम, कोलामी पनि यस परिवारका सम्पन्न भाषा हुन् । यीमध्ये कन्नडमा पाँचौं शताब्दीपूर्वका मलयालममा आठौं शताब्दीपूर्वका र तेलगुमा बाहौं शताब्दीदेखिका लिखित रूपहरू पाइन्छन् । यस दृष्टिले द्रविड भाषा परिवार समृद्ध प्राचीन भाषा परिवारका रूपमा देखा पर्छ ।

नेपालमा यस परिवारको झाँगड (घाँगड) र  किसान भाषा बोलिन्छ जसको मुख्य क्षेत्र पूर्वी र मध्य तराई रहेको छ । यीमध्ये झाँगड भाषीहरूको सङ्ख्या सुनसरीमा र किसान भाषीहरूको सङ्ख्या झापामा अत्यधिक (अन्य जिल्लाका तुलनामा) रहेको देखिन्छ । द्रविड भाषाको प्रभाव संस्कृतमा पनि परेको पाइन्छ । संस्कृतमा मूर्धन्य अर्थात् “ट” वर्गीय ध्वनि द्रविड भाषाकै प्रभावमा विकसित भएका हुन् भन्ने भाषाशास्त्रीहरूको भनाइ छ ।

यस भाषा परिवारका विशेषताहरू निम्नानुसार छन् :

- अश्लिष्ट अन्त : (पूर्व) योगात्मकता
- मूर्धन्य ध्वनिहरूको प्रधानता
- स्वरान्त शब्दहरूको प्रचुरता
- आगन्तुक शब्दहरूको बाहुल्य
- समस्वरता (मुराल-अल्टाइली भाषा परिवारमा जस्तै)
- द्विवचन र त्रिलिङ्गको व्यवस्था
- लिङ्ग वर्गीकरणको आधार प्राणीत्व र अप्राणीत्व
- लिङ्ग निर्धारणका लागि संज्ञामा पुरुष र स्त्रीवाचक शब्दजोडको व्यवस्था
- संज्ञाअनुसार विशेषणको रूपमा अपरिवर्तन
- प्रत्ययबाट विभक्तिको कार्य सम्पादन
- कर्मवाच्यको अभाव, आदि ।

## निष्कर्ष

समग्रतः संसारमा बोलिने हजारौं भाषाहरूको सङ्ख्या समायानुसार थपघट हुँदै गएको देखिन्छ । भाषाको पारिवारिक वर्गीकरण गर्ने सन्दर्भमा रचनातत्त्व र अर्थतत्त्वलाई महत्त्वपूर्ण आधारका रूपमा

लिइएको पाइन्छ । संसारका भाषाहरूलाई पारिवारिक दृष्टिले वर्गीकरण गर्ने सन्दर्भमा विभिन्न आधार र प्रकार देखा परेका भए पनि कुल दस प्रकार : अफ्रिकाली भाषा परिवार, अमेरिकाली भाषा परिवार, ककेसियाली भाषा परिवार, जापानी-कोरियाली भाषा परिवार, मलय पोलिनेसियाली भाषा परिवार, युराल-अल्टाइली भाषा परिवार, भारोपेली भाषा परिवार, चिनिया-तिब्बती भाषा परिवार, आग्नेली भाषा परिवार र द्रविड भाषा परिवारमा भाषाविदहरूबिच मतैक्य रहेको पाउन सकिन्छ । उल्लिखित दस प्रकारका भाषा परिवारमा विभिन्न किसिमका भेद पाउन सकिन्छ । साथै तीअन्तर्गतका भाषाहरूमा आआफ्नै प्रकृतिका मौलिक विशेषताहरू रहेको देखिन्छ । भाषा, साहित्य एवम् प्रयोगव्यवहारका दृष्टिले समेत संसारमा बोलिने भाषाहरू सम्पन्न रहेको कुरा अधिगत गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, नारायणप्रसाद (२०६५), *भाषाविज्ञान,* हरिप्रसाद अधिकारी ।

गुप्त, मोतीलाल र भटनागर, रघुवीरप्रसाद (सन् १९७४), *आधुनिक भाषाविज्ञान की भूमिका,* हिन्दी ग्रन्थ अकादमी ।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०६७), *भाषाविज्ञान,* पाठ्यसामग्री पसल ।

तिवारी, भोलानाथ (सन् २०१६), *भाषाविज्ञान,* किताब महल ।

न्यौपाने र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* सनलाइट पब्लिकेसन ।

पन्त, रामराज (२०३६), *नेपाली भाषाविज्ञान,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०४८), *भाषाविज्ञान,* साझा प्रकाशन ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६४), *आधुनिक भाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

सिजापती, रामविक्रम (२०५०), *भाषाज्ञान,* गुनिलो प्रेस ।

https://www.ethnologue.com